बैठक संख्या : २३९   मिति : २०७९/०३/१७, शुक्रबार   समय : बिहान ११:०० बजे

## निर्णय

सामाजिक सुरक्षा ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयकमाथि छलफल गर्ने कार्यसूची बमोजिम समितिको आजको बैठकमा देहाय बमोजिमको निर्णय भयो :-

१. विधेयकको दफा २ बाट मूल ऐनको दफा २ को खण्ड (ङ) पछि थप गर्न प्रस्ताव गरिएको खण्ड (ङ१) को सट्टा देहायको खण्ड (ङ१) राख्ने :-

"(ङ१) "एकल महिला" भन्नाले विवाह गरी वा नगरी एक्लो जीवनमा रहेका र ४० वर्ष पूरा गरेका, सम्बन्ध विच्छेद गरेका, श्रीमान्सँग कम्तीमा १२ वर्षदेखि सम्पर्कमा नरहेका, लैङ्गिक हिंसामा परी विवाहित वा अविवाहित रुपमा एक्लो जीवन व्यतीत गरिरहेका महिला सम्झनु पर्छ ।"

२. विधेयकको दफा ३ तथा मूल ऐनको दफा ४ को सट्टा देहायको दफा ४ राख्ने :-

"४. <u>जेष्ठ नागरिक भत्ता</u> : (१) दलित र एकल महिलाले साठी वर्ष उमेर पूरा गरेपछि र अन्य जेष्ठ नागरिकले अठसट्ठी वर्ष उमेर पूरा गरेपछि सामाजिक सुरक्षा भत्ताको रुपमा नेपाल सरकारले तोके बमोजिमको जेष्ठ नागरिक भत्ता पाउनेछन् ।

(२) जेष्ठ नागरिक भत्ताको सम्बन्धमा नेपाल सरकारले पिछडिएको क्षेत्रका साथै कुनै निश्चित क्षेत्र तोकी त्यस्तो क्षेत्रमा बसोबास गर्ने जेष्ठ नागरिकलाई समेत त्यस्तो भत्ता उपलब्ध गराउने सक्ने छ ।"

३. विधेयकको दफा ४ बाट मूल ऐनको दफा ७ को सट्टा प्रस्ताव गरिएको दफा ७ को सट्टा देहायको दफा ७ राख्ने :-

"७. <u>असहाय एकल महिला भत्ता</u> : देहायका एकल महिलाले तोकिए बमोजिम सामाजिक सुरक्षा भत्ताको रुपमा नेपाल सरकारले तोकेको असहाय एकल महिला भत्ता पाउनेछन् :-

(क) विधवा,

(ख) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको भन्दा न्यून आय भएका र पालन पोषण तथा हेरचाह गर्ने परिवारको कुनै सदस्य नभएका वा त्यस्तो सदस्य भए पनि आर्थिक रुपले विपन्न अवस्थामा रहेका वा त्यस्तो सदस्यले पालनपोषण नगरेका अन्य एकल महिला ।"

४. सामाजिक सुरक्षा भत्ता नलिने स्वेच्छिक घोषणा गरेका व्यक्तिलाई प्रशंसापत्रसहित सम्मान प्रदान गर्ने व्यवस्थाको लागि छुट्टै दफाको व्यवस्था गरी मिलाउने ।

५. सामाजिक सुरक्षा ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयकसम्बन्धी दफावार छलफल सम्पन्न भयो । उक्त विधेयक संशोधन सहित पारित भई विधेयक सम्बन्धी समितिको प्रतिवेदन प्रतिनिधि सभाको आगामी बैठकमा पेश गर्ने ।